बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# कृषि ज्ञान रत्न प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०८/२८

<u>प्रस्तावना</u>ः उच्च शिक्षा प्राप्त गरी सैद्धान्तिक ज्ञान र अनुसन्धानको अनुभवलाई व्यवहारमा लागु गर्दै नवप्रवर्तनको साथै स्थानीय कृषकहरूलाई सशक्तीकरण गर्दै शिक्षित युवा जनशक्तिलाई कृषि पेशामा अभिप्रेरित गर्न वान्छनीय भएकोले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१.<u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस कार्यविधिको नाम "**कृषि ज्ञान रत्न प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१**"रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"कार्यक्रम"** भन्नाले साझेदारीमा संचालन गरिने तोकिएको कृषि ज्ञान रत्न प्रवर्धन कार्यक्रम भन्ने बुझ्नु पर्दछ ।

(ख) **"आवेदक"** भन्नाले स्नातक अध्ययन पुरा गरी कृषि/पशुपालन तथा मत्स्य पेशामा आवद्ध व्यक्तिको प्रत्यक्ष संलग्नतामा स्थापित निजी फर्म वा कम्पनी सम्झनु पर्दछ ।

(ग) **"साझेदार"** भन्नाले कार्यक्रममा छनौट भएका आवेदकलाई सम्झनुपर्छ ।

(घ) **"प्रदेश"** भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(च) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ ।

(छ) **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतको जिल्ला स्थित कृषि विकास कार्यालय र पशु सेवा कार्यालयलाई सम्झनु पर्छ ।

(ज) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ६ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन प्रक्रिया

३. <u>कार्यक्रम लागु हुने</u>:(१) यो कार्यक्रम प्रदेशभर लागु हुनेछ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

४. **संचालन गर्न सकिने क्रियाकलापहरुः** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरुमा मुख्य रुपमा स्टार्ट अप ग्रान्टको रुपमा सहयोग उपलब्ध गर्न सकिनेछ ।

(क) फलफूल, तरकारी, रैथाने बाली, मसला बाली/नगदे बाली, पशुपन्छी तथा मत्स्य र प्रांगारिक कृषि उपजको उत्पादन, उत्पादनसँग सम्बन्धित सामाग्री, औजार/उपकरण, साना तथा आधुनिक सिंचाई लगायत अन्य उत्पादनसँग सम्बन्धित क्रियाकलाप ।

(ख) संकलन, प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित औजार/उपकरण/ पुर्वाधार निर्माण ।

(ग) ग्रामिण क्षेत्रमा पशु स्वास्थ्य क्लिनिक संचालन वा विस्तार सम्बन्धि क्रियाकलाप ।

५. **सूचना प्रकाशनः** (१) कार्यक्रम संचालनको लागि निर्देशनालयले २१ दिनको म्याद राखी अनुसूची-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक ७ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

६. **प्रस्ताव दर्ताः** आवेदकले अनुसूची-२ (दफा ५ सँग सम्वन्धित) बमोजिमको निवेदनको साथ सोही अनुसूचीमा उल्लेखित कागजातहरु, अनुसूची-३ बमोजिमको प्रस्ताव र अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र सम्बन्धित निर्देशनालय/कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

७. **मूल्याङ्कन समितिः**(१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार छनौटको सिफारिस गर्न निर्देशनालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क. निर्देशनालय वा निजले तोकेको बरिष्ठ अधिकृत/अधिकृत, निर्देशनालय | -संयोजक |
| ख. अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय | -सदस्य |
| ग. योजना हेर्ने अधिकृत, निर्देशनालय | -सदस्य |
| घ. प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | -सदस्य |
| ङ. प्रमुख, खरिद इकाई, निर्देशनालय | -सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई (२) जना विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) मूल्याङ्कन समितिले अनुसूची ५ बमोजिमको मूल्याङ्कनका मापदण्डका आधारमा रही आवेदनहरुको मूल्यांकन गरी छनौटका लागि निर्देशनालय समक्ष सिफारिस गर्नुपर्नेछ ।

८. **साझेदार छनौट र सम्झौताः** (१) साझेदार छनौट गर्दा दफा ३ बमोजिमका क्रियाकलापबाट नयाँ व्यवसाय सुरुवात वा विस्तार गर्ने आवेदक छनौट हुनसक्नेछन् ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(२) साझेदार छनौट गर्दा कृषि विकास निर्देशनालयले कृषि विषय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले पशुपन्छी/मत्स्य विषय अध्ययन गरेका आवेदकहरुलाई प्राथमिकता दिई छनौट गर्नुपर्नेछ।

(३) छनौट भएको साझेदारलाई निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

(४) छनौट भएका आवेदकले सम्झौताको लागि निर्देशनालयमा सम्पर्क गर्नुपर्नेछ।

(५) छनौट भएका साझेदारसँग निर्देशनालयले सम्झौता गर्नेछ। लाभग्राहीले सम्झौता गर्नु अघि अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ । निर्देशनालयले तोकेको समयावधी भित्र साझेदार सम्झौता गर्न नआएमा क्रमशः दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुगेको मानिने छैन।

## परिच्छेद -३

## आर्थिक पक्ष

९. साझेदार रकमः (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधि भित्र रही रकम उपलब्ध गराईनेछ। पुँजीगत प्रकृतिका क्रियाकलापहरुमा कुल लागतको बढीमा ८० प्रतिशत तथा चालु प्रकृतिका क्रियाकलापहरुमा बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ। कार्यक्रममा साझेदारको शैक्षिक योग्यता बमोजिम तपसिल बमोजिम रकम छुट्याईनेछ।

| क्र.स. | शैक्षिक योग्यता | प्रोत्साहन रकम अधिकतम रु. | कैफियत |
|---|---|---|---|
| १. | स्नातक | ८ लाख | जम्मा ६ जना |
| २. | स्नातकोत्तर | १० लाख | जम्मा ३ जना |
| ३. | विद्यावारिधि | २२ लाख | जम्मा १ जना |

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, आवेदकहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(३) कार्य प्रगति र सुपरिवेक्षणको आधारमा बढीमा २ किस्तामा साझेदारले पेस गरेको रनिङ्ग/अन्तिम बिललाई प्राविधिक सिफारिसका आधारमा बैंक मार्फत साझेदारको खातामा सिधै भुक्तानी गरिनेछ। साथै, अन्तिम किस्ता भुक्तानीका लागी पेस गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत कार्य सम्पन्नको फोटो पेस भए पश्चात मात्र भुक्तानी गरिनेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## परिच्छेद -४

## विविध

१०. <u>साझेदारको काम र कर्तव्य</u>ः साझेदारको काम र कर्तव्य देहाय बमोजिम हुनेछः

(क) जुन उद्देश्यका लागि रकम लिएको हो सोही उद्देश्यका लागि मात्र रकम लगानी गर्नुपर्नेछ,

(ख) निरीक्षणको क्रममा प्राविधिकले सिफारिस गरेका सुझावहरु अवलम्बन गर्नुपर्नेछ ।

११. <u>कारबाही सम्बन्धी व्यवस्थाः</u> साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१२. <u>संशोधनः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१३. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका विषय बाहेकका अन्य विषयहरु प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची-१

(दफा ५ को उपदफा १ सँग सम्बन्धित )

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :..

.............. निर्देशनालय...........को आर्थिक वर्ष.......को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कृषि ज्ञान रत्न प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न व्यवसायिक रुपमा कृषिमा आबद्ध आवेदकबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र......(सम्बन्धित कार्यालय) मा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
२. संस्थाको स्थायी लेखा नम्बर (PAN), करचुक्ता प्रमाण पत्र (नयाँ दर्ता बाहेक),
३. अनुसूची -३ अनुसारको प्रस्ताव,
४. अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,
५. शैक्षिक प्रमाण पत्र,
६. पूर्वाधार निर्माणको हकमा जमिनको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको भएमा कम्तिमा १५ वर्षको लागि जमिन करार गरेको सम्झौताको प्रतिलिपि,
७. जिल्ला स्थित कृषि विकास कार्यालय र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइबाट गत आ.व. मा कुनै पनि अनुदान नलिएको सिफारिस सहितको पत्र ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

रु. १० को टिकट

**अनुसूची -२**

**(दफा ६ सँग सम्बन्धित)**

मितिः ..................

श्रीमान् निर्देशक/प्रमुखज्यू,

.................. ।

**विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा यस निर्देशनालय.............को मिति ............ मा प्रकाशन गरिएको **कृषि ज्ञान रत्न प्रवर्द्धन कार्यक्रममा** सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेस गरेको छु ।

संलग्न कागजातहरुः

१. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
२. संस्थाको स्थायी लेखा नम्बर (PAN), करचुक्ता प्रमाण पत्र (नयाँ दर्ता बाहेक),
३. अनुसूची -३ अनुसारको प्रस्ताव,
४. अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,
५. शैक्षिक प्रमाण पत्र,
६. पूर्वाधार निर्माणको हकमा जमिनको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको भएमा कम्तिमा १५ वर्षको लागि जमिन करार गरेको सम्झौताको प्रतिलिपि,
७. जिल्ला स्थित कृषि विकास कार्यालय र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइबाट कुनै पनि अनुदान नलिएको सिफारिस सहितको पत्र ।

निवेदक
दस्तखतः
नाम थरः
पदः
सम्पर्क नः
मितिः
संस्थाको छापः

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

**अनुसूची -३**

**(दफा ६ सँग सम्बन्धित)**

**प्रस्ताव**

| क्र.सं. | विवरण | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदक संस्थाको नाम र ठेगाना | |
| ४ | सम्पर्क टेलिफोन/मोबाइल नं. र इमेल | |
| ५ | आवेदक संस्थाको स्थापना दर्ता नम्बर | |
| ६ | दर्ता भएको निकाय र दर्ता मिति | |
| ७ | भ्याट/प्यान दर्ता नं | |
| ८ | खाता रहेको बैंकको नाम र ठेगाना | |
| ९ | खाता नं | |

८. प्रस्तावित व्यवसाय कहिले देखि शुरु गरिएको हो ?

९. हाल संचालन भईरहेका क्रियाकलापहरु के के छन्?

१०. वार्षिक रुपमा हुने उत्पादन/कारोबार के कति छ ?

| क्र. सं. | उत्पादन/कारोबार हुने बाली/वस्तु | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

०८१।८।२६

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

११. व्यवसायको दिगोपनाका आधारहरु के के छन्?

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

१२. प्रस्तावित क्रियाकलापहरु र अनुमानित लागत

| क.सं. | क्रियाकलाप विवरण | एकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रमबाट बेहोर्ने | साझेदारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| क. चालु प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख. पुँजिगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची -४

(दफा ६ सँग सम्बन्धित)

**स्वःघोषणा/प्रतिबद्धता पत्र**

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

............................को मिति.............................को सूचना अनुसार **कृषि ज्ञान रत्न प्रवर्द्धन कार्यक्रममा** सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेस गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

आनुदानग्राहीको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## अनुसूची ५
### (दफा ७ को उपदफा (३) संग सम्बन्धित)

| क्र.स. | विवरण | कुल अंक | कैफियत |
|---|---|---|---|
| १ | **आवेदकको शैक्षिक विवरण** | २० | |
| १.१ | कृषि/पशुपन्छी/मत्स्य विषय अध्ययन गरेको | २० | |
| १.२ | अन्य विषय अध्ययन गरेको | १५ | |
| २ | **आवेदकको व्यवसायिक कृषिमा अनुभव** | १० | |
| २.१ | ३ वर्ष भन्दा बढी | १० | |
| २.२ | १ देखि ३ वर्ष | ८ | |
| २.३ | १ भन्दा कम | ५ | |
| ३ | **प्राविधिक एवं भौगोलिक उपयुक्तता** | १० | |
| ३.१ | प्राविधिक एवं भौगोलिक रुपमा उपयुक्त देखिएको | १० | |
| ३.२ | प्राविधिक एवं भौगोलिक रुपमा कम उपयुक्त देखिएको | ५ | |
| ४ | **व्यवसायसँग सम्बन्धित तालिम/अनुभवको प्रमाण** | १० | |
| ४.१ | भएको | १० | |
| ४.२ | नभएको | ५ | |
| ५ | **कार्यक्रमको लागि उपलब्ध जग्गाको स्वामित्व** | २० | |
| ५.१ | फर्मको/प्रोप्राइटरको नाममा भएको | २० | |
| ५.२ | जग्गा भाडामा लिएको | १० | |
| ६ | **प्रस्तावित कार्यक्रमको नवीनता** | १० | |
| ६.१ | कार्यक्रममा नवीन प्रविधि प्रयोग हुने देखिएको | १० | |
| ६.२ | कार्यक्रममा नवीन प्रविधि प्रयोग हुने नदेखिएको | ५ | |
| ७ | **सम्भावित रोजगारी संख्या** | १० | |
| ७.१ | ५ जना भन्दा बढी | १० | |
| ७.२ | ५ जना भन्दा कम | ५ | |
| ८ | **गत आ.व. मा निर्देशनालयबाट अनुदान सहयोग प्राप्त गरे/नगरेको** | १० | |
| ८.१ | नगरेको | १० | |
| ८.२ | गरेको | ० | |
| | कुल | १०० | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री